**संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय जीवनराम श्रेष्ठको नेतृत्व र पहलमा १ सय ८३ दिनको अवधिमा सम्पादन गरिएका प्रमुख कार्य :**

१. राष्ट्रपति विद्यादेवी भण्डारीले १२ असार २०७९, आइतवार प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको मन्त्रिपरिषदमा मलाई नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीमा नियुक्त गर्नुभएको थियो ।

२. १३ असार २०७९, सोमबार राष्ट्रपति भवनमा आयोजित समारोहमा नेपालको संविधानको धारा ८० बमोजिम राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पद तथा गोपनीयताको शपथ लिएको थिएँ । १९ पुस २०७९ आइतवार मैले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारी सम्हालेको १ सय ८३ दिन पुरा भएको छ ।

३. सर्वप्रथम, मन्त्रीका रूपमा मलाई जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं बाम-लोकतान्त्रिक गठबन्धन सम्वद्ध पार्टीका आदरणीय नेताहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस अवधिमा प्राप्त भएको साथ र सहयोगका लागि पार्टीका नेताहरू, माननीयज्यूहरू, मन्त्रालय, मातहत एवं सम्बद्ध निकायहरूबाट सम्पन्न भए गरेका कार्यका लागि मन्त्रालयका सचिव, सम्बन्धित विभागीय प्रमुखहरू तथा सम्बद्ध कर्मचारीहरू, व्यवसायी, सञ्चारकर्मी, अन्तर्राष्ट्रिय साझेदार संस्था लगायत सरोकारवाला सवैप्रति आभार व्यक्त गर्दछु ।

४. पन्ध्रौं पञ्चवर्षीय योजना, दीगो विकासको लक्ष्य तथा सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेबमोजिम पर्यटन प्रर्वद्धन, पुरातत्व एवम संस्कृति संरक्षण र नागरिक उड्डयनको समग्र विकास गर्ने जिम्मेवारी अनुसार यिनै क्षेत्रको समग्र विकास एवम व्यवस्थापनमा मेरो नेतृत्वमा मन्त्रालयले आफ्नो भूमिका प्रभावकारी बनाएको छ र यस अवधिमा देखिने गरी प्रगति हासिल गरेको छ । नीतिगत, कानूनी, संरचनागत सुधार मार्फत यो क्षेत्रलाई व्यवस्थित गर्ने आधार तयार गरिएको छ ।

५. कोरोना महामारीले सवैभन्दा धेरै असर गरेको पर्यटन क्षेत्र पुनरुत्थान कार्ययोजना ल्याइ कार्यन्वयन अघि बढाउनु, पर्यटन पूर्वाधारको विकास, पर्यटन प्रर्वद्धन, नेपाल पर्यटन दशक घोषणा जस्ता केही महत्वपूर्ण कामहरुको शुरुवात भएको छ । संस्कृति र पुरातत्वतर्फ सम्पदाहरुको पुनःनिर्माण, सांस्कृतिक सम्पदाको संरक्षण एवं प्रवर्द्धनका लागि होप अन होप अफ बस संचालनको अवधारणा अघि बढाउनु, रात्रिकालिन सम्पदा यात्राका लागि आवश्यक पुर्वाधार तयार गर्नु लगायत महत्वपूर्ण कार्यहरु भएका छन् भने नागरिक उड्डयनतर्फ विमानस्थल सेवा विस्तारमा थप प्रगति हासिल भएको छ ।

६. कोभिड - १९ को महामारी पश्चात पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनको लागि नेपालको पर्यटन क्षेत्र पुर्नउत्थान सम्वन्धि ७४ बुंदे कार्ययोजना तयार गरी कार्यन्वयन गरिएको छ । पर्यटकका लागि नेपाल बाह्रै महिना घुम्नयोग्य छ भन्ने सन्देश अन्तराष्ट्रिय बजारमा प्रवाह गर्ने कार्यक्रम संचालन गरिएको छ ।

७. असार १३ गते पदभार ग्रहण गरेसँगै नेपालको पर्यटन क्षेत्र पुनरुत्थान गर्न तत्कालिन र दीर्घकालिन कार्ययोजना तयार गर्न समिति गठन गरिएको थियो। कार्ययोजनामा एक महिनाभित्र गर्न सकिने काम, तीन महिनामा गर्न सकिने काम, छ महिनाभित्र गर्न सकिने काम, एक बर्षभित्र गर्न सकिने काम र निरन्तर गर्नुपर्ने कामका योजनाहरु समावेश गरिएको छ।

८. काठमाडौं उपत्यकाका ऐतिहासिक तथा पुरातात्विक सम्पदा जोड़ने सम्पदा मार्ग निर्माण गर्न उपत्यका भित्र रात्रीकालीन पर्यटनको प्रारम्भ र प्रवर्द्धन गर्ने अवधारणा अनुरुप काठमाडौ, पाटन, भक्तपुर र कीर्तिपुरमा रात्रीकालीन सम्पदा यात्राको शुरुवात गर्ने कार्ययोजना अघि बढाइएको छ। परम्परागत सांस्कृतिक सम्पदा पदमार्ग पहिचान गर्न कार्यदल गठन गरि कार्य प्रारम्भ गरिएको छ।

९. अमुर्त संस्कृत सम्बन्धी हालसम्म कुनै ऐन, नियम, नीति, मापदण्ड र कार्यविधि समेत नबनेको अवस्थामा संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण तथा सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी राज्यको नीति कार्यन्वयनका लागि अमुर्त सांस्कृतिक सम्पदाहरूको पहिचान, विकासको लागि विषयगत कानून निर्माणका लागि ऐनको मस्यौदा तयार गर्न कार्यदल गठन गरिएको छ।

१०.राष्ट्रिय विभूति र नेपाल संवतका प्रवर्तक शङ्खधर साख्वाको योगदानलाई चीरकालसम्म जिवित राख्न उहाँले गरेको योगदानको कदर स्वरुप रु. एक लाख राशीको तीन जनालाई प्रदान गर्ने गरी शङ्खधर साख्वा राष्ट्रिय पुरस्कार स्थापना गर्ने र उक्त पुरस्कार वितरण गर्ने सम्वन्धी 'शङ्खधर साख्वा राष्ट्रिय पुरस्कार कार्यविधि, २०७९' तयार गरिएको छ।

११. रुकुमको चौरजहारी विमानस्थलमा विस्तार गर्नका निमित्त जग्गा अधिग्रहण प्रकृया अघि बढाइएको छ। साथै सिमिकोट विमानस्थलको धावन मार्गको पश्चिम उत्तरतर्फ जग्गा अधिग्रहण गरी धावन मार्ग विस्तारको प्रकृया अघि बढाइएको छ भने रारा विमानस्थल विस्तारका लागि थप जग्गा अधिकरणको काम पनि अघि बढाइएको छ।

१२.दाङ र चितवनको भरतपुर विमानस्थलमा ७२ सिटे जहाज अवतरण गर्न सक्ने गरी धावनमार्ग विस्तारको कार्य अघि बढाइएको छ।

१३.पर्यटन क्षेत्रलाई विश्व पर्यटन बजारमा चिनाइ नेपाल पर्यटकीय दृष्टिको सबै ऋतुहरु आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थल हो भन्ने सन्देश प्रवाह गर्न पर्यटन सद्भावना दुत, सांस्कृतिक पर्यटन सद्भावना दुत, खेलकुद पर्यटन सद्भावना दुत नियुक्तिलाई विधि सम्मत बनाउँदै नियुक्त हुने दुतका कामलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि "पर्यटन सद्भावना दुत / सांस्कृतिक पर्यटन सद्भावना दुत/खेलकुद पर्यटन सद्भावना दुत सम्बन्धी कार्यविधि, २०७९" तयार गरिएको छ।

१४. कोभिड–१९ महामारीबाट अति प्रभावित पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्ने मन्त्रालयको कार्ययोजनामा सहकार्यबारे काठमाडौं महानगरपालिका सहित बिभिन्न स्थानीय तहका पदाधिकारीहरुसँग छलफल गरिएको छ। पर्यटन क्षेत्रको

विकासका लागि उपयुक्त कानुनी तथा अन्य प्रबन्ध गरी पर्यटन क्षेत्रको लाभ स्थानीय जनता समक्ष पुऱ्याउने लक्ष्यका साथ कार्यक्रम संचालन गरिएको छ।

१५. सीमान्त समुदायको भाषा, साहित्य र कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न समयानुकुल साँस्कृतिक नीति बनाउने योजना अघि सारिएको छ।

१६.पर्यटन सम्बद्ध शैक्षिक जनशक्ति उत्पादन गर्ने सरकारी संस्था नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानलाई प्रदेशस्तरमा बिस्तार गर्ने योजना अघि बढेको छ। पर्यटन क्षेत्रको विकास र विस्तारका लागि सिपमूलक जनशक्ति तयार गर्नुपर्ने आवश्यकता रहेकोले सातै प्रदेशमा पर्यटन तथा होटल व्यवस्थापनसम्बन्धी प्रतिष्ठान स्थापना गर्न मन्त्रालय अन्तर्गत सञ्चालित नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)को सेवाहरु विस्तारको योजना अघि सारिएको छ।

१७.पर्यटन शिक्षाको क्षेत्रमा अत्यावश्यक दक्ष जनशक्ति उत्पादनका लागि काठमाडौं विश्वविद्यालय र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबीच सम्झौता गरिएको छ। प्रदेशमा प्रतिष्ठान शाखा विस्तारको तयारी अघि बढाइएको छ। केही प्रदेशमा प्रतिष्ठानको सेवा विस्तार गरी पर्यटन शिक्षाको पठनपाठन सुरु गर्न प्रकृया अघि बढिसकेको छ।

१८.पशुपति क्षेत्र विकास कोषको वृहत्तर गुरुयोजना तयार गरिएको छ। २०७७ कार्तिक २० गते गठन गरेको प्राविधिक समितिले नयाँ स्वरुपमा गुरुयोजना यहि बिचमा तयार गरेको छ। पशुपति क्षेत्रको संस्कृति र सम्पदाको संरक्षणका साथै अन्तर्राष्ट्रिय धार्मिक तथा आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने योजना अघि बढाइएको छ।

१९.पशुपति क्षेत्रमा रहेको सतवीज छर्ने मार्ग बनाउने योजना अघि बढाइएको छ भने घाट सुधार योजना कार्ययोजना कार्यन्वयन गरिएको छ।

२०. अमेरिकामा रहेर गीत, संगीत र रचनाको माध्यमबाट नेपाल र नेपालीलाई विश्वमाझ परिचित गराउन तथा आफ्नो गायन कला मार्फत विश्व मानचित्रमा नेपालको प्रचार-प्रसार गर्न पुर्याउनुभएको अमूल्य योगदानको उच्च कदर गर्दै गायक तथा सन् २०२० को अमेरिकन आइडलका उपविजेता दिवेश पोखरेल (Arthur Gunn) लाई नेपालको पर्यटन सद्भावना दुतमा नियुक्त गरिएको छ।

२१.विश्वका वैदिक सनातन हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र पशुपति क्षेत्रलाई आकर्षक तथा रमणीय बनाउन 'एक भक्त एक वृक्षरोपण' अभियान संचालन गरिएको छ।

२२.त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुहरुलाई सहज हुने गरि व्यवस्थापन चूस्तदुरुस्त बनाउने प्रयास गरिएको छ। विमानस्थलको क्षमता विस्तार र आधुनिकीकरणको कामलाई अघि बढाइएको छ।

२३. पशुपति मन्दिर क्षेत्रमा भक्तजन, तीर्थयात्री, पैदलयात्री एवं पर्यटकलाई सहज हुने गरी प्रवन्ध मिलाइएको छ ।

२४. काठमाडौंको प्रमुख सांस्कृतिक उत्सव इन्द्रजात्रामा सुरक्षा लगायत अन्य पक्षको व्यवस्थापनबारे काठमाडौं महानगरपालिकाका प्रमुख, स्थानीय प्रशासन, सुरक्षा निकायका अधिकारी, गुठी संस्थान, स्थानीय गुठीयारका साथै अन्य सरोकारवलाहरुसँग छलफल गरी व्यवस्थित गरिएको छ ।

२५. काठमाडौंमा पहिलोपटक सम्पदा लक्षित 'लोकल गाइड' तालिमको शुभारम्भ गरिएको छ । स्थानीय कला, शिल्प र काठमाडौं महानगरका सम्पदाबारे आन्तरिक तथा बाह्य पर्यटकलाई जानकारी प्रदान गर्न स्थानीय पथप्रदर्शक (लोकल गाइड) तालिम सफलतापुर्वक सम्पन्न गरिएको छ ।

२६. विश्वसम्पदा सूचीमा सूचीकृत दुई सम्पदा हनुमानढोका दरबार स्क्वायर र स्वयम्भू सम्पदामार्ग निर्माण अघि बढाइएको छ । हनुमानढोकादेखि मरू गणेश–सन्तानेश्वर महादेव–नरदेवी-निपुहिटी–भुइँखेल हुँदै स्वयम्भू पुगिने पदमार्गअन्तर्गत रहेका सम्पदाको मर्मत तथा पुनर्निर्माण कार्य सुरु गर्नुका साथै र सो क्षेत्रका स्थानीय युवाहरुलाई स्थानीय पथप्रदर्शक तालिम प्रदान गरिएको छ ।

२७. उपत्यकामा रहेका सम्पदा क्षेत्रको अवलोकनमा पर्यटकहरुलाई सहज बनाउन होप अन होप अफ बस संचालनको तयारी अन्तिम चरणमा पुगेको छ ।

२८. ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्वका सम्पदा सरसफाइलाई अभियानका रुपमा अघि बढाइएको छ । पर्यटकलाई आवगमन देखि सम्पदा क्षेत्र अवलोकनमा समेत वाधा पुग्ने सामाग्रीहरु हटाइ व्यवस्थित गरिएको छ । काठमाडौंको हनुमानढोका दरबार स्क्वायर क्षेत्रबाट पर्यटकीय स्थलमा विशेष सरसफाई अभियानको सुरुवात गरिएको थियो ।

२९. काठमाडौं, भक्तपुर, पाटन र किर्तीपुरका सम्पदा क्षेत्रमा रात्रीकालिन पदयात्रा सुरु गर्नेबारे सरोकारवालाहरुसँग छलफल गरी आवश्यक पुर्वाधार तयार गरी रात्रीकालिन पदयात्रा सुरु गर्ने चरणमा पुगेका छौं । रात्रीकालिन सम्पदायात्राले उपत्यकाका मठमन्दिर, जात्रा पर्वले मात्रै होइन बाजागाजा, सांस्कृतिक नाच, झाँकी र भजनले पनि पुर्नजीवन पाउनेछन् ।

३०. लुम्वीनी गुरुयोजनाभित्रको जग्गालाई कानुन विपरित भाडामा दिन यसअघि भएका निर्णय खारेज गरिएको छ ।

३१. तिलौराकोटलाई विश्वसम्पदा सुचिमा सुचिकृत गर्न आवश्यक प्रकृयाका लागि परामर्सदाता नियुक्त गरीएको छ ।

३२. लुम्वीनीको बुद्ध सर्किटमा निशुल्क इलेक्ट्रिक बस संचालन सुरु गरिएको छ र नियमित संचालनका लागि आवश्यक प्रकृया अघि बढाइएको छ ।

३३.पर्यटनको विविधीकरण तथा साझेदारी गर्ने सम्बन्धमा सातवटै प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रीहरु सम्मिलित अन्तरप्रदेश समन्वय समितिको वैठक सम्पन्न गरिएको छ। तीनै तहका सरकारबाट पर्यटन क्षेत्रमा लगाइने दोहोरो शुल्कको समस्या समाधान, व्यवस्थापन र रोयल्टीको बाँडफाँड तथा सेवा, सुविधा र प्याकेज रेटमा समेत एकरूपता कायम गर्न प्रदेशका पर्यटन मन्त्रीहरुसँग छलफल गरी समाधानको प्रयास गरिएको छ।

३४.पर्यटन क्षेत्रको विकास गर्न ग्रामिण क्षेत्रसँगै शहरी क्षेत्रमा समेत स्थानीय घरवास (होमस्टे) सञ्चालन गर्न सकिने सम्भावना रहेकोले काठमाडौं सहित देशका विभिन्न स्थानमा होमस्टे सञ्चालन तालिम सम्पन्न गरिएको छ।

३५.काठमाडौं उपत्यकामा सम्पदायात्राका लागि 'सम्पदायात्रा मार्ग' बनाउन अध्ययनका लागि कार्यदल बनाइ प्रकृया अघि बढाइएको छ।

३६.हवाई सम्पर्क विस्तार, विमानस्थल स्तरोन्नती तथा नयाँ विमानस्थल निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भइसकेको तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पुरा गरी आगामी जनवरी १ मा उद्घाटन गर्ने मिति तय गरिसकिएको छ। भने निजगढ विमानस्थल निर्माण सम्वन्धि अन्योलको अन्त्य भएको छ।

३७.सर्वोच्च अदालतको परमादेश अनुसार पूर्ण क्षमताको अन्तराष्ट्रिय विमानस्थल निर्माणको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न मन्त्रिपरिषदले विज्ञ समूह गठन गरी अध्ययन प्रतिवेदन तयार गरेको छ। नेपालको दूरगामी विकास तथा आर्थिक समृद्धिको लागि बढ्दो हवाई ट्राफिक धान्न सक्ने पूर्ण क्षमताको अन्तराष्ट्रिय विमानस्थल आवश्यक रहेको विज्ञ समूहको निष्कर्ष रहेको छ। अन्तराष्ट्रिय विमानस्थलका लागि उपयुक्त स्थान काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) र पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको पसाहा नदी र बकैया नदी बीचको करिब ९ हजार हेक्टर क्षेत्रफल भित्रको करिब ४ हजार हेक्टर क्षेत्र उपयुक्त रहेको विज्ञ समुहले भनेको छ। सोही अनुसार निर्माण कार्य अघि बढाउने तयारी सुरु गरिएको छ।

३८.अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको महासभामा नेपालको तर्फबाट सम्वोधन गर्दै उड्डयन क्षेत्रलाई सुरक्षित, भरपर्दो र स्तरीय बनाउने सरकारको प्रयासबारे अन्तर्राष्ट्रिय समुदायलाई विश्वस्त पारिएको छ।

३९.पर्यटन वर्ष पछिका वर्षहरूमा पहिलो वर्ष केही संख्यामा पर्यटक बढे पनि त्यस पछिका वर्षहरूमा पर्यटक आगमन वृद्धिदर ऋणात्मक रह्यो। पर्यटन वर्षका श्रृंखलाहरू लम्बिने तर पर्यटन क्षेत्रले आशातित प्रगती गर्न नसकेको यथार्थका बीच पर्यटन पुर्वाधार सहित समग्र विकासका लागि पर्यटन दशकको अवधारणा अघि सारिएको छ। नेपाल सरकारले सन् २०२३ देखि २०३२लाई नेपाल पर्यटन दशकका रूपमा मनाउने निर्णय गरेकाले उक्त अभियानलाई सफल बनाउनका लागि विभिन्न कार्यक्रमहरूको तयारी अघि बढाइएको छ। नेपाल पर्यटन दशक (२०२३-२०३२) को रणनीतिक कार्ययोजनाको रुपरेखा तयार गर्न गठित कार्यदलले आफ्नो प्रतिवेदन तयार गरि सार्वजनिक गरिसकेको छ।

४०.कला र साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्ययाउने श्रष्टाहरुलाई सम्मान गर्ने कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

४१.नेपालको समग्र पर्यटन, हवाई तथा सांस्कृतिक क्षेत्रमा सहकार्यको सम्भावना बारे नेपालस्थित विदेशी नियोगका महामहिम राजदूतसंग सम्भावित सहकार्यको लागि छलफल गरिएको छ । यसबीचमा भारत, नाइजेरिया, पोल्याण्ड, कतार, मलेसिया, इटाली लगायत मुलुकका राजदूतहरुसंग छलफल गरिएको छ । यसबाट द्विपक्षीय सम्बन्ध विस्तारका साथै समग्र क्षेत्रमा विकासका सम्भावनाहरु बारे थप बाटो खुलेको छ ।

४२. विदेशी भुमिमा नेपालको पर्यटन प्रवर्द्धनलाई प्रभावकारी बनाउने बारेमा विभिन्न मुलुकमा रहनुभएका नेपाली राजदुतहरुसँग सामुहिक छलफल गरीएको छ ।

४३.अमेरिका, स्वीजरल्याण्ड, रुवाण्डा लगायतका मुलुकहरुसँग हवाई सम्झौताको तयारी अन्तिम चरणमा पुगेको छ ।

४४. नयाँ पर्यटकीय गन्तव्यको पहिचान, विकास, विस्तार र प्रवर्धन गरी पर्यटकीय सेवालाई गुणस्तरीय बनाउने ध्येयका साथ पर्यटन पूर्वाधारहरुको निर्माण र प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिएको छ । पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत देशका विभिन्न स्थानमा पर्यटन पूर्वाधार विकासका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अघि बढाइएको छ ।

४५. मेरो कार्यकालमा यस मन्त्रालय, मातहत एवं सम्बद्ध निकायका कार्यक्रमलाई उपलब्धिमुलक बनाउन आ–आफ्नो क्षेत्रबाट योगदान दिनुहुने सवैप्रति हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद ।